राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नामः** सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०

**संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू** (दर्ताको क्रमानुसार)

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| ०१ | मा. देवेन्द्र दाहाल, मा. इन्दिरा देवी गौतम, मा. गोपाल भट्टराई, मा. तुलसा कुमारी दहाल, मा. भगवती न्यौपाने, मा. बिमला घिमिरे, मा. सुमित्रा बि.सी. | ०२ | मा. डा. बेदुराम भुसाल, मा. गोमा देवी तिमिल्सिना, मा. सावित्री मल्ल, |
| ०३ | मा. मदन कुमारी शाह (गरिमा), मा. उदय बहादुर वोहरा, मा. घनश्याम रिजाल, मा. राजेन्द्र लक्ष्मी गैरे | ०४ | मा. आनन्द प्रसाद ढुंगाना, मा. जित जङ्ग बस्नेत, मा. कमला पन्त, मा. किरण बाबु श्रेष्ठ, मा. नारायण दत्त भट्ट, मा. विष्णु कुमारी सापकोटा, मा. विष्णु देवी पुडासैनी |
| ०५ | मा. भुवन बहादुर सुनार, मा. मनरुपा शर्मा, मा. रेनु चन्द, मा. श्रीकृष्ण प्रसाद अधिकारी | ०६ | मा. जग प्रसाद शर्मा, मा. गोपी बहादुर सार्की आछामी, मा. माया प्रसाद शर्मा र मा. विष्णु बहादुर विश्वकर्मा |
| ०७ | मा. पदम बहादुर परियार | ०८ | मा. सुरेश कुमार आले मगर, मा. राधेश्याम पासवान |

**२) संशोधन प्रस्तावको विवरण** (दफाक्रमानुसार मिलाइएको)

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. सुरेश कुमार आले मगर लगायतका मा. सदस्यहरू | १ | (२) | | | "तुरुन्त" भन्ने शब्दको सट्टा "प्रमाणीकरण भएको एकतीसौं दिनदेखि" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ३ | (१) | | | "न्याय परिषदको परामर्शमा" भन्ने शब्दहरूको सट्टा "कानून बमोजिम" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३. | मा. भुवन बहादुर सुनार लगायतका मा. सदस्यहरू | ३ | (१) | | | उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नु पर्नेः<br>"(१) खण्ड (क) मा रहेका "भन्नाले" भन्ने शब्दपछाडिका शब्दहरू झिकी "प्रचलित कानून बमोजिम तोकिएका अदालतको वाणिज्य इजलास सम्झनु पर्छ" भन्ने शब्दहरू राखिएका छन्।" |
| ४. | मा. सुरेश कुमार आले मगर लगायतका मा. सदस्यहरू | ३ | (१) | | | "न्याय परिषद्को परामर्शमा" भन्ने शब्दहरूको सट्टा "सर्वोच्च अदालतको परामर्शमा" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ५. | मा. डा बेदुराम भुसाल लगायतका मा. सदस्यहरू र मा. मदन कुमारी शाह (गरिमा) लगायतमा मा. सदस्यहरू | ३ | (२) | | | कोष्ठभित्र रहेको "(इन्स्ट्रुमेन्ट)" भन्ने शब्द झिक्नु पर्ने। |
| ६. | मा. डा बेदुराम भुसाल लगायतका मा. सदस्यहरू र मा. मदन कुमारी शाह (गरिमा) लगायतमा मा. सदस्यहरू | ३ | (४) | | | कोष्ठभित्र रहेका "(पर्चेज मनी सेक्युरिटी इन्ट्रेस्ट)" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ७. | मा. डा बेदुराम भुसाल लगायतका मा. सदस्यहरू | ३ | (५) | | | "जडित सामान," भन्ने शब्दहरूपछि "नगद, सुन, चाँदी, हिरा, मोती, गरगहना, सवारी साधन," भन्ने शब्दहरू थप्नु पर्ने। |
| ८. | मा. आनन्द प्रसाद ढुंगाना लगायतका मा. सदस्यहरू | ३ | (९) | | | संशोधन उपयुक्त नरहेको। "अमूर्त सम्पत्ति"लाई "चल सम्पत्ति" भन्न नमिल्ने। |
| ९. | मा. आनन्द प्रसाद ढुंगाना लगायतका मा. सदस्यहरू | ३ | (११) | | | "चल सम्पत्ति" भन्ने शब्दहरूपछि "वा अचल सम्पत्ति" भन्ने शब्दहरू थप्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १०. | मा. डा बेदुराम भुसाल लगायतका मा. सदस्यहरू र मा. मदन कुमारी शाह (गरिमा) लगायतमा मा. सदस्यहरू | ३ | (१२) | | | कोष्ठभित्र रहेका "सेक्युरिटी इन्टरेस्ट" भन्ने शब्दहरू र "इन्टरेस्ट" भन्ने शब्द झिक्नु पर्ने। |
| ११. | मा. सुरेश कुमार आले मगर लगायतका मा. सदस्यहरू | ३ | (१२) | | | "धितोको हक (सेक्युरिटी इन्ट्रेस्ट)" र "व्यक्तिको अधिकार (इन्ट्रेस्ट)" भन्ने शब्दहरूलाई नेपाली अनुसार अंग्रेजी वा अंग्रेजी अनुसार नेपाली मिलाउनु पर्ने। |
| १२. | मा. आनन्द प्रसाद ढुंगाना लगायतका मा. सदस्यहरू | ६ | | | | दफा ८ को सट्टा प्रस्तावित दफा ८ को उपदफा (१) मा रहेका "धितो दिने व्यक्तिको विवरणमा सामान्य कुनै त्रुटी भए तापनि त्यस्तो सूचना मान्य हुनेछ" भन्ने प्रबन्धको सट्टा "त्रुटी हुन नहुने" व्यवस्था राखी पुनर्लेखन गर्नु पर्ने। |
| १३. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू र मा. भुवन बहादुर सुनार लगायतका मा. सदस्यहरू | ११ | (१) | | | दफा १३ को उपदफा (२) को सट्टा प्रस्तावित उपदफा (२) मा रहेका "छ महिना" भन्ने शब्दको सट्टा "एक वर्ष" भन्ने शब्द राख्नु पर्ने। |
| १४. | मा. पदम बहादुर परियार | १४ | (१) | | | खण्ड (ग) को सट्टा प्रस्तावित खण्ड (ग) मा रहेको "पहुँचयोग्य" भन्ने शब्दको सट्टा "पहुँचयुक्त ढाँचामा" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १५. | मा. पदम बहादुर परियार | १५ | | | | दफा १८ को सट्टा प्रस्तावित दफा १८ को उपदफा (३) मा रहेको "माध्यमबाट" भन्ने शब्दपछि "पहुँचयुक्त ढाँचामा" भन्ने शब्दहरू थप्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १६. | मा. आनन्द प्रसाद ढुंगाना लगायतका मा. सदस्यहरू | १९ | (२) | | | उपदफा (४) को सट्टा प्रस्तावित उपदफा (४) मा रहेको "कब्जामा" भन्ने शब्दको सट्टा "अधिनमा" भन्ने शब्द वा अन्य कुनै वैकल्पिक शब्द राख्नु पर्ने। |
| १७. | मा. आनन्द प्रसाद ढुंगाना लगायतका मा. सदस्यहरू | २१ | | | | दफा २८ को सट्टा प्रस्तावित दफा २८ को उपदफा (१) रहेका "धितोको हकको प्राथमिकता देहाय बमोजिम हुनेछ" भन्ने शब्दको सट्टा "धितो एक ठाउँमा भन्दा अन्यत्र राख्न नपाउने" भन्ने व्यवस्था गरी पुनर्लेखन गर्नु पर्ने। |
| १८. | मा. जगप्रसाद शर्मा लगायतका मा. सदस्यहरू | २२ | | | | दफा २९ को सट्टा प्रस्तावित दफा २९ मा ठाउँ ठाउँमा रहेको "लियनको, लियनभन्दा र लियन" भन्ने शब्दहरूको सट्टामा नेपाली शब्दहरू राख्नु पर्ने। |
| १९. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | २३ | | | | थप्न प्रस्तावित २९क. मा रहेका "लगायत कुनै पनि असुरक्षित दाबीभन्दा प्राथमिकतामा" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| २०. | मा. आनन्द प्रसाद ढुंगाना लगायतका मा. सदस्यहरू | २४ | | | | दफा ३० को सट्टा प्रस्तावित दफा ३० को उपदफा (१) लाई स्पष्ट पार्नु पर्ने। |
| २१. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू, मा. मदन कुमारी शाह (गरिमा) लगायतका मा. सदस्यहरू र मा. भुवन बहादुर सुनार लगायतका मा. सदस्यहरू | २९ | | | | दफा ३८ को सट्टा प्रस्तावित दफा ३८ को दफा शीर्षकपछि उपदफा क्रमसङ्ख्या "(१)" थप गरी प्रस्तावित व्यहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप्नु पर्नेः-<br>"(२) धितो लिने पक्षले अनिवार्य रूपमा वालीको विमा गर्नु पर्नेछ।" |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २२. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ३८ | (२) | | | "र (३) झिकिएका छन्" भन्ने शब्दहरूको सट्टा "झिकिएको छ" भन्ने शब्दहरू राख्नु पर्ने। |
| २३. | मा. आनन्द प्रसाद ढुंगाना लगायतका मा. सदस्यहरू | ३९ | (१) | | | उपदफा ४ को सट्टा प्रस्तावित उपदफा (४) मा प्रबन्ध गरिएको "छिट्टै सड्ने, गल्ने" वस्तुलाई धितोको रूपमा स्वीकार गर्न नहुने गरी पुनर्लेखन गर्नु पर्ने। |
| २४. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू र मा. जगप्रसाद शर्मा लगायतका मा. सदस्यहरू | ३९ | | | | दफा ३९ मा देहायको उपदफा (१) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनेः-<br>"(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-<br>"(१क) उपदफा (१) बमोजिम बेचबिखन गर्नुपूर्व धितो दिने व्यक्तिलाई तिन पटकसम्म आफ्नो दायित्व वहन गर्ने चेतावनी दिनु पर्नेछ।" |
| २५. | मा. मदन कुमारी शाह (गरिमा) लगायतका मा. सदस्यहरू | ४० | (१) | | | खण्ड (क) को सट्टा प्रस्तावित खण्ड (क) मा रहेका "असल नियतले" भन्ने शब्दहरूको सट्टा "कानून बमोजिम" भन्ने शब्दहरू राख्नु पर्ने। |
| २६. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू र मा. जगप्रसाद शर्मा लगायतका मा. सदस्यहरू | ४२ | | | | दफा ५३ को सट्टा प्रस्तावित दफा ५३ को उपदफा (१) मा रहेका "अन्य कुनै" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| २७. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू र मा. जगप्रसाद शर्मा लगायतका मा. सदस्यहरू | ४३ | (२) | | | उपदफा (२) पछि देहायको उपदफा (३) थप्नु पर्नेः-<br>"(३) उपदफा (३) मा रहेका "पाँच लाख" भन्ने शब्दहरूको सट्टा "तीन लाख" भन्ने शब्दहरू राखिएका छन्।" |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २८. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू र मा. जगप्रसाद शर्मा लगायतका मा. सदस्यहरू | ४४ | | | | "राखिएका छन्" भन्ने शब्दहरूको सट्टा "र उपदफा (१) को खण्ड (ग) मा रहेको "एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "अठार महिनाभित्र" भन्ने शब्दहरू राखिएका छन्" भन्ने शब्दहरू राख्नु पर्ने। |

क्र.सं. १ देखि २८ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

मितिः २०८०।१२।०६

..................................

(नारायण प्रसाद दाहाल)

अध्यक्ष, राष्ट्रिय सभा